# नेपाल उद्योग वाणिज्य महासंघ

## Federation of Nepalese Chambers of Commerce & Industry

FNCCI

पत्र संख्या : ( ९ )

२०७३।६।१६

**श्री सदस्य महानुभावहरु**
**नेउवामहासंघ ।**

**बिषय : विधान संशोधनको लागि विशेष साधारण सभा वोलाईएको वारे ।**

महोदय,

गत २०७२ साल चैत्र २८ र २९ गते सम्पन्न महासंघको ५० औं वार्षिक साधारण सभाले महासंघको विधान संशोधनको प्रकृया अगाडी बढाउन आवश्यक प्रकृया सुरु गर्ने निर्देशन दिएकोमा मिति २०७३/३/१० मा भएको महासंघको १४औं कार्यकारिणी समितिको वैठकले पदाधिकारी समितिलाई दिएको अख्तियारी अन्तर्गत रही मिति २०७३/३/२३ मा वसेको पदाधिकारी समितिको वैठकबाट विधान संशोधनको मस्यौदा विधानको दफा ६६.१(क) अनुसार सवै सदस्य संघ संस्थामा पठाउने र विशेष साधारण सभा मिति २०७३ साल कार्तिक ४ गते वोलाउने गरी भएको निर्णय मिति २०७३/५/२७ मा वसेको १५औं कार्यकारिणी समितिको वैठकबाट अनुमोदित भई विशेष साधारण सभा हुने मिति, समय, स्थान र छलफलको विषय खुलाई सवै सदस्यहरुलाई सूचना पठाउने निर्णय भए अनुसार विधान संशोधनको विषयमा छलफल गर्न निम्न मिति, समय र स्थानमा महासंघको विशेष साधारण सभा वोलाइएको व्यहोरा निर्णयानुसार जानकारी गराउदछु ।

साथै विशेष साधारण सभामा भाग लिन सदस्य संघ/संस्थाहरुबाट निम्न व्यवस्था अनुसार प्रतिनिधी मनोनयन गरी पठाई दिन हुन अनुरोध गर्दछु ।

**विशेष साधारण सभा हुने मिति, समय तथा स्थान:**

मिति : २०७३ साल कार्तिक ४ गते विहीवार
(तदनुसार २० अक्टोवर २०१६)

समय : विहान ०९:०० बजे ।

स्थान : त्रिभुवन आर्मि अफिसर्स क्लव, भद्रकाली, काठमाडौं ।

(क) विशेष साधारण सभामा भाग लिन सदस्य संघ/संस्थाहरुबाट मुख्य प्रतिनिधि नियुक्त गरी संलग्न प्रतिनिधिपत्र भरी **२०७३ कार्तिक ३ गते भित्र**मा महासंघको सचिवालयमा आई पुग्ने गरी पठाई दिनु हुन अनुरोध छ ।

क्रमश:....२

P.O. Box: 269, Shahid Shukra FNCCI Milan Marg,
Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 4262061, 4262218, 4266889
Cable : FEDERATION, Fax: 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ४२६२०६१, ४२६२२१८, ४२६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-४२६१०२२, ४२६२००७
इ-मेल : fncci@mos.com.np

http://www.fncci.org

STOP Child Labour

(ख) साधारण सदस्य संघ र द्विराष्ट्रिय उद्योग वाणिज्य संघबाट अध्यक्ष नै मुख्य प्रतिनिधिको रुपमा रहनु पर्ने छ । अध्यक्ष आउन नसक्ने भएमा महासंघको विधानको दफा २९(३) अनुसार सम्बन्धित संघको कार्य समितिबाट मुख्य प्रतिनिधि नियुक्तिको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ ।

(ग) एशोसिएट सदस्यको प्रतिनिधित्वको हकमा विधान अनुसार अधिकार प्राप्त व्यक्ति आफै वा सोही संस्थाको घटीमा नायव महाप्रवन्धक तहको व्यक्ति एकजनालाई मुख्य प्रतिनिधि नियुक्ति गरी सस्थाको तर्फबाट अधिकार प्राप्त व्यक्तिको दस्तखत सहित पठाउनु पर्नेछ ।

(घ) महासंघका सदस्य संघ जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघहरु र वस्तुगत संघहरुबाट मुख्य प्रतिनिधि सहित २/२ जना प्रतिनिधिमण्डल पठाउन सक्ने छन् । द्विराष्ट्रिय उद्योग वाणिज्य संघ र एशोसिएट सदस्यको हकमा १/१ जनाको प्रतिनिधिको व्यवस्था गरिएको छ ।

(ङ) विशेष सधारण सभामा भाग लिन प्रति व्यक्ति प्रतिनिधि शुल्क रु. २,५००। (दुई हजार पांच सय) प्रतिनिधि पत्रका साथ पठाउनु पर्ने छ। तर एकै व्यक्तिले एक भन्दा वढि संघ/संस्था को प्रतिनिधित्व गर्ने भएमा दोस्रो रजिष्ट्रेशन गरे वापत प्रतिनिधी शुल्क रु १,०००।(एक हजार ) मात्र लाग्ने छ ।

भवदीय,

( मीनों श्रेष्ठ )
नि.महानिर्देशक

**संलग्न** :

- प्रतिनिधि पत्र फारम ।

**बोधार्थ** :

- श्री अध्यक्षज्यू, नेउवामहासंघ ।
- श्री निवर्तमान अध्यक्षज्यू, नेउवामहासंघ ।
- श्री चण्डिराज ढकालज्यू,
  पूर्व अध्यक्ष एवं विशिष्ट सदस्य तथा संयोजक,विधान संशोधन सुझाव कार्यदल, नेउवामहासंघ ।
- श्री वरिष्ठ उपाध्यक्षज्यू एवं उपाध्यक्षज्यूहरु, नेउवामहासंघ ।
- श्री कार्यकारिणी समिति सदस्यज्यूहरु, नेउवामहासंघ ।
- श्री सदस्यज्यूहरु, विधान संशोधन सुझाव कार्यदल, नेउवामहासंघ ।

## प्रतिनिधि – पत्र

मितिः

श्री महानिर्देशक,
नेपाल उद्योग वाणिज्य महासंघ,
टेकू, पोष्ट बक्स नं. २६९, काठमाडौं ।

महाशय,

नेपाल उद्योग वाणिज्य महासंघको सदस्यको हैसियतले २०७३ साल कार्तिक ४ गते काठमाडौंमा आयोजना हुने महासंघको विशेष साधारण सभामा यस संघ/संस्थाको तर्फबाट प्रतिनिधित्व गरी भाग लिन निम्न लिखित प्रतिनिधि मनोनयन गरी पठाएको छु । प्रतिनिधि शुल्क बापत प्रति व्यक्ति रु. २,५००। का दरले जम्मा रु.................... को चेक/ड्राफ्ट/नगद पनि यसै साथ संलग्न छ । ( तर एकै व्यक्तिले एक भन्दा बढि संघ/संस्था को प्रतिनिधित्व गर्ने भएमा दोस्रो रजिष्ट्रेशन गरे बापत प्रतिनिधी शुल्क रु १,०००।(एक हजार ) मात्र लाग्ने छ । )

**संघ/संस्थाको नाम** :.... ..................................................

| **मुख्य प्रतिनिधि** | **प्रतिनिधि** |
|---|---|
| (क) नाम : | (क) नाम : |
| (ख) दर्जा : | (ख) दर्जा : |
| (ग) दस्तखत ................... | (ग) दस्तखत ................ |

भवदीय,

संस्थाको छाप

मनोनयन गर्ने संघ/संस्थाको
तर्फबाट पदाधिकारीको दस्तखत : ................
दस्तखत गर्नेको पुरा नाम :
पद :
मिति :

<u>द्रष्टव्य</u>

१. जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघ, वस्तुगत संघ र द्विराष्ट्रिय संघको हकमा अध्यक्ष स्वयं मुख्य प्रतिनिधि रहनु पर्नेछ। कुनै कारणले अध्यक्ष सभामा उपस्थित हुन नसक्ने भएमा महासंघको विधानको दफा २९.३ अनुसार सम्बन्धित सदस्य संघको कार्य समितिबाट मुख्य प्रतिनिधि मनोनयन गरेको निर्णयको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ । प्रतिनिधि मण्डलमा जिल्ला/नगरस्तरिय उद्योग वाणिज्य संघहरु र वस्तुगत संघहरुबाट मुख्य प्रतिनिधि सहित २/२ जना मात्र समावेश हुने छ ।

२. द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरुबाट र एशोसिएट सदस्यको हकमा प्रतिनिधि मण्डलको संख्या १/१ जना मात्र हुने छ । एशोसिएट सदस्यले विधान् अनुसार अधिकार प्राप्त व्यक्ति आफैं वा सोही संस्थाको घटिमा नायव महाप्रबन्धक तहको जिम्मेवार व्यक्तिलाई मुख्य प्रतिनिधि नियुक्त गरी संस्थाको तर्फबाट अधिकार प्राप्त व्यक्तिले दस्तखत गरी पठाउनु पर्नेछ ।

३. सदस्य संघ/प्रतिष्ठानहरुले आ.व. २०७३/७४ सम्मको वार्षिक सदस्यता शुल्क तिर्न बांकी रहेछ भने सो समेत बुझाउनु पर्नेछ र प्रतिनिधि शुल्क सहित प्रतिनिधि पत्र **<u>२०७३ कार्तिक ३ गते विशेष साधारण सभा प्रारम्भ हुनु अगावै</u>** दर्ता गराई सक्नु पर्नेछ । यसै समय भित्र प्रतिनिधि पत्र र निर्णयको प्रतिलिपि फ्याक्सबाट पठाउन सकिने छ, तर यी सबै कागजातको सक्कल प्रतिहरु सभा शुरु हुनु अगावै अर्थात २०७३ कार्तिक ३ गते सांझ ६:०० बजे भित्र महासंघको सचिवालयमा बुझाई सक्नु पर्नेछ ।